# प्राविधिक पदहरुमा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति २०७४/१०/ गते

यस गाउँपालिकाको निमित्त तपसिलमा उल्लेखित पदको कार्यसम्पादन गर्न तपशिल बमोजिमका पदहरुमा कर्मचारी करारमा लिनुपर्ने भएकोले मिति २०७४/१०/०४ गतेको गाउँ कार्यपालिकाको निर्णय अनुसार यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| सि.नं. | प्द | सम्पादन गनुपर्ने कामहरु | तलब स्केल | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | सिभिल ईञ्जिनियर (आवश्यक संख्या-१) | ❖ गाउपालिकासंग करार सम्झौतामा उल्लेख भए बमोजिमका घर/भवनको नक्सापास र पुर्वाधार निर्माण सम्बन्धी कार्यहरु | नेपाल सरकारको रा.प.तृतीय क्षेणी सरहको वार्षिक १३ महिना बराबरको तलब स्केल | मान्यता प्राप्त विश्वविद्यालयबाट सिभिल ईञ्जिनियरिङमा स्नातक गरी Engineering council बाट प्रमाण पत्र प्राप्त गरेको |
| २ | सिभिल सब ईञ्जिनियर (आवश्यक संख्या-१) | ऐ.ऐ. | नेपाल सरकारको रा.प.अन.प्रथम क्षेणी वा सो सरहको वार्षिक १३ महिना बराबरको तलब स्केल | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङमा प्रविणता प्रमाण पत्र वा सो सरह उत्रीण गरेको |

१. करार अवधि : २०७५ असार मसान्तसम्म (आवश्यकता अनुसार थप गर्न सकिनें)

२. दरखास्त दस्तुर : रु १०००। (नेपाल बैक लिमिटेड खलंगा शाखामा रहेको यस गाउँपालिकाको खाता नं. ०५२०३०००००००४००१००२ मा दाखिला गरेको भौचर संलग्न गर्नुपर्ने )

३. निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु

क) व्याक्तिगत विवरण

ख) नेपाली नागरिताको प्रतिलिपी

ग) शैक्षिक योग्यताको प्रमाणपत्रहरु (मार्कसिट/ट्रान्सकृप्ट र चारत्रीक प्रमाणपत्र)

घ) अनुभव सम्बन्धी कागजातहरु

ङ) तोकिएको दस्तुर दाखिला गरेको सक्कल भौचर

४. निवेदन दिने अन्तिम मिति :- सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (पन्ध्रौ दिनमा सार्वजनिक विदा परेमा १६ औ दिन)

पुनश्चः ईच्छुक उम्मेदवारले गाउँपालिकाको ईमेल ठेगाना naubahinirm@gmail.com मा बुँदा नं. ३ बमोजिमका कागजातहरु स्क्यान गरी तोकिएको म्याद भित्र पठाउन सकिने छ । छनौट सम्बन्धी विस्तृत जानकारी गाउँपालिकाको वेबसाईड www.naubahinimun.gov.np बाट लिन सकिने छ ।

५.छनौटको आधार

५.१ शैक्षिक योग्यता,कार्य अनुभव र अन्य = ६०

| | | |
|---|---|---|
| ५.१.१ | शैक्षिक योग्यता (सूचना अनुसारको ज्यूनतम शैक्षिक योग्यताको आधारमा) | २० |
| ५.१.१.१. | अंकगणित स्तर निर्धारण पद्धति भएका शिक्षण संस्थाको हकमा | |
| क) | न्यूनतम शैक्षिक योग्यता ८०% वा बढी र न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता भएकोमा | २० |
| ख) | ६५% देखि ७९.९९% प्राप्तङ्क भएकोमा | १६ |
| ग) | ५५% देखि ६४.९९ प्राप्तङ्क भएकोमा | १२ |
| घ) | ५५ % भन्दा कम प्राप्तङ्क भएकोमा | ८ |
| ५.१.१.२. | अक्षर अंकित स्तर निर्धारण पद्धति भएको शिक्षण संस्था भएमा | |
| क) | Cumulative grading point Average ( ३.५ देखि ४ सम्म) वा न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता भएमा | २० |
| ख) | Cumulative grading point Average (३ देखि ३.५ भन्दा कम) | १६ |
| ग) | Cumulative grading point Average (२.५ देखि ३ भन्दा कम) | १२ |
| घ) | अन्य | ८ |
| ५.१.२. | कार्य अनुभव (सूचना अनुसारको न्यूनतम शैक्षिक योग्यता हासिल गरेपश्चात) | ३० |
| क) | २ वर्ष भन्दा माथि सरकारी निकाय वा गैरसरकारी क्षेत्रमा कार्य अनुभव | ३० |
| ख) | १ वर्ष भन्दा माथि सरकारी निकाय वा गैरसरकारी क्षेत्रमा कार्य अनुभव | २४ |
| ग) | १ वर्ष सम्म सरकारी निकाय वा गैरसरकारी क्षेत्रमा कार्य अनुभव | १८ |
| घ) | कार्य अनुभव नभएको | १२ |
| ५.१.३. | उम्मेदवारको स्थायी ठेगाना सम्बन्धी विवरण | १० |
| क) | स्थायी ठेगाना सम्बन्धीत स्थानीय तहमा भएको | १० |
| ख) | स्थायी ठेगाना सम्बन्धीत स्थानीय तहको जिल्लामा भएको | ८ |
| ग) | स्थायी ठेगाना सम्बन्धीत स्थानीय तहको प्रदेशमा भएको | ६ |
| घ) | अन्य | ४ |

५.२ अन्तवार्ता = ४०

६. इच्छुक उम्मेदवारहरुले वुदा नं. ३ मा उल्लेखित कागजातहरु स्क्यान गरी यस गाउँपालिकाको ईमेल ठेगाना naubahinirm@gmail.com मा तोकिएको मिति भित्र पनि पठाउन सकिनेछ । short list प्रकाशित भई अन्तरवार्ताको लागि छनौट भएका उम्मेदवारहरुले अन्तरवार्तामा उपस्थित हुदा सबै सक्कल कागजात साथैमा लिई आउनुपर्ने छ । म्याद नाघि प्राप्त भएका दरखास्तहरु उपर कुनै कारवाही हुने छैन ।

६. अन्तरवार्ता मिति short list विवरण प्रकाशित गर्दा तोकिने छ ।

७. काम गर्नुपर्ने थप विवरण करार सम्झौतामा उल्लेख गरिनेछ ।